नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०२ २०८१ साल फागुन २८ गते बुधवार (12 Mar. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जोगिराको संरक्षणमा ... ३ पृष्ठमा : 'व्यवस्था विरोधी आवाज ... ३ पृष्ठमा : फिलिपिन्सका पूर्वराष्ट्रपति ...

# होली पर्वमा ५ सय २३ सुरक्षाकर्मीसहित ड्रोन र सिसी क्यामराबाट निगरानी गरिने




**दैनिक समाचारदाता राजविराज, २७ फागुन।**

जिल्ला प्रहरी कार्यालय सप्तरीले होली पर्व सुरक्षित बनाउन ५ सय २३ सुरक्षाकर्मीसहित ड्रोन र सिसी क्यामराबाट निगरानी गर्ने जानकारी दिएको छ।

मंगलबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा होलीको शुभकामना आदान प्रदान तथा पत्रकार सम्मेलनको आयोजना गरि प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले यस्तो जानकारी गराएका हुन्।

होलीमा जबरजस्ती रंग हाल्ने, लोला हान्ने, मदिरा सेवन गरि सवारीसाधन चलाउने, मोटरसाइकलमा तीन जना सवार हुने लगायतका गतिविधी गर्नेलाई प्रहरीले नियन्त्रणमा लिई कानुनी कारवाही गर्ने उनले बताए। यसका अतिरिक्त खुल्ला रुपमा मद्यपान, धुमपान जस्ता बिकृतीपूर्ण कार्य गर्नेलाई समेत पक्राउ गरि कानुनमा व्यवस्था भए बमोजिमको कारवाही गरिने उनको भनाई छ।

होली पर्वका दिन नगर क्षेत्रमा ८४ वटा सीसी टिभि क्यामरा तथा दुई वडा ड्रोन क्यामरामार्फत समेत निगरानी गरिने उनले जानकारी दिए। मर्यादित रुपमा होली मनाउन जिल्लाका सबै वडा एरियामा जिंगल तथा माइकिङ मार्फत सबैसँग अनुरोध गरिने बताएका उनले होली पर्वलाई सभ्य, भव्य, सुरक्षित र व्यवस्थित बनाउन ५ सय २३ प्रहरी परिचालन हुने उनले जनाए।

शान्त र मर्यादित भएर होली मनाउने वातावरणका लागि होली पर्व लक्षित विशेष सुरक्षा योजनामा छड्के चेकिङ, कमान्ड पोष्ट, गाडी मोवाइल, मोटरसाइकल गस्ती, ट्राफिकसहितको चेक प्वान्ट, पैदल गस्ती लगायतका सुरक्षा रणनीति समेटिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

सो अवसरमा प्रहरी उपरिक्षक खतिवडा तथा संचारकर्मीहरु एक आपसमा रंग, अबिर लगाएर होलीको शुभकामना साटासाट गरेका थिए।

# छुट्टाछुट्टै दुर्घटनामा दुई चालकको मृत्यु



**दैनिक समाचारदाता राजविराज, २७ फागुन।**

सप्तरीमा सोमबार राती छुट्टाछुट्टै दुई स्थानमा भएको सवारी दुर्घटनामा परि एक विंगर तथा अर्को मोटरसाईकल चालकको मृत्यु भएको छ।

हुलाकी सडक खण्ड अन्तर्गत राजविराज नगरपालिका १ पडरिया सडक खण्डमा को.१ज. २८६४ नम्बरको विंगर अनियन्त्रित भई पल्टिदा चालक रुपनी गाउँपालिका १ घर भएका ३५ बर्षीय रघु यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

महुलीबाट तिव्र गतिमा राजविराजतर्फ आउँदै गरेको विंगर अनियन्त्रित भई सडक भन्दा डेढसय मिटर तल खेतमा खसेको थियो। दुर्घटनामा घाईते चालक यादवलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएपछि चिकित्सकले उनलाई मृत घोषणा गरेको

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय ....

### मलहा समुदायको मागप्रति निकाय किन मौन !

विगत एक महिनादेखी विभिन्न २० बुदे माग राखि मलहा समुदायले थालेको रिले अनसन सोमबारदेखि आमरण अनसनमा परिणत भएको छ। ६० वर्ष माथीका पाँच जना जेष्ठ नागरिक अनसनमा बसेका छन्। गत माघ २६ देखि कोशी बाँधमा थालिएको रिले अनसनको एक महिना पुरा भईसक्दा पनि सरकारले माग सम्बोधनमा कुनै चासो नदेखाएको भन्दै आमरण अनसन थालिएको छ।

सरकारी स्वामित्वमा रहेका मत्स्य फार्महरु, सिमसार र रिज्र्भ्यार आदीमा मलाहा जातीलाई ५० प्रतिशत आरक्षण, संघिय र सात वटै प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना गरी आवश्यक कर्मचारी भर्नामा मलाह जातीलाई प्राथमिक्ता, सरकारले ठेक्का लगाउँदै आएको सार्वजनिक पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ दाउरा संकलन लगायतका कार्य मलाहा जातीलाई मात्र उपलब्ध गराइनु पर्ने लगायतका २० बुंदे माग अघि सार्दै नेपाल मलाह कल्याण संघको अगुवाईमा गत माघ २५ देखी रिले अनसन सुरु गरेको थियो। माँग पुरा नभएसम्म आफुहरु घर नफर्किने उनीहरुको अडान छ।

यसरी लामो समयदेखी आन्दोलनरत ती समुदायको मागप्रति कुनै निकाय गम्भिर नहुनु विडम्बना हो। तसर्थ मलाह समुदायको माग प्रति राजय गम्भिर हुनु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# जोगिराको संरक्षणमा तीन पुस्ता

**सञ्जीतकुमार मण्डल**

जलेश्वर, २७ फागुन (रासस)।

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-८ बजराही गाउँका ७२ वर्षीय वृद्धबहादुर महरामा अहिले पनि जोगिरा गाउन उत्तिकै सक्रिय देखिनुहुन्छ। जोगिरा (होली पर्वको बेला तराई मधेसको गाउँ/टोलमा गाइने विशेष प्रकारका गीत, चुटकिला) गाउँदै गाउँमा डुल्न ठूलो सोख लाग्ने गर्दछ। होलीको पूर्वसन्ध्यामा डम्फु बजाउँदै गायनमा रमाउन पाएकामा खुसी हुँदा उहाँ भन्नुहुन्छ, "मलाई जोगिरा गाउँदा जीवनको सबैभन्दा खुसीको अनुभूति हुने गर्दछ। यसले मनोरञ्जनसँगै संस्कृतिको संरक्षण भएको छ।"

बहादुर जस्तै सोही वडाको सोही गाउँका अर्का ६० वर्षीय रामबाबु चौधरी पनि अहिले जोगिरा गायनका लागि आफ्नो ढोलक लिएर गाउँको चोकमा पुगिसक्नुहुन्छ। आफ्नो दलानमा टाँगिएको ढोलकलाई सफा गरेर नयाँ डोरी लगाउने (बुन्ने), रङ्गरोगन गर्ने र ताउ दिने काम गरिसक्नुभएको छ। जोगिरा गायनका लागि परापूर्वकालदेखि नै विख्यात बजराही गाउँका ५५ वर्षीय अरुण पाण्डे पनि गाउँका बूढापाका, तन्नेरीहरूसँगै झ्याली पिट्दै जोगिरा गाउन निस्कने गर्नुहुन्छ। उहाँकै छिमेकी ४५ वर्षीय रामदेव राम अहिले आफ्नो हार्मोनियम बोकेर जोगिरामा सङ्गीत भर्न तम्तयार देखिनुहुन्छ।

जोगिरा गायनका लागि विख्यात जलेश्वर नगरपालिका-८ बजराही गाउँमा अस्ति मङ्गलबारदेखि बहादुर महरा साँझ पर्नासाथ आफ्ना घरबाट हातमा डम्फु समातेर गाउँको चौबाटोमा आइपुग्नुहुन्छ। महरा चौबाटोमा आउनेबित्तिकै रामबाबु चौधरी पनि आफ्नो घरबाट ढोलक बजाउँदै बहादुर भएको ठाउँमा पुग्नुहुन्छ भने अरुण पाण्डेले झ्याली पिट्दै तथा रामदेव राम पनि हार्मोनियम लिएर सहभागी भइसकेको हुनुहुन्छ। गाउँका बूढापाकाहरूले हौसिँदै विभिन्न वाद्यवादनमा चौबाटोमा आइपुगे लगत्तै गाउँका युवाहरू पनि जम्मा हुन थाल्छन्।

बजराही गाउँको चौबाटो यी सबै व्यक्तिहरू कुनै सभा, सम्मेलन, बैठक, बहस वा छलफल गर्नका लागि जम्मा हुँदैनन्। बरु आपसी भाइचारा, प्रेम सद्भाव, सुखदुःख साटासाट गर्न र पुस्तौंदेखि चल्दै आइरहेको जोगिराको संरक्षण र प्रवर्द्धनका लागि दैनिक रूपमा जम्मा हुन्छन् र अबेर रातिसम्म सँगै बसेर जोगिरा गायन गाउने प्रचलन छ।

स्थानीय पवित्र साह, श्रवण यादव, सिकिन्द्र ठाकुर, विट्टु मिश्र, राहुल साहलगायतका युवाहरूले जोगिरा गायनका गीत, चुट्किला परम्परागत भनाइहरू कागजमा लिपिबद्ध गरेका छन्। गाउँका बूढापाकाहरूलाई भेटेर उनीहरूले भनेका ऐतिहासिक भनाइ, लोकभाका, गीत र चुट्किलाहरूलाई टिपोट गरेर गोगिरामा गाउने विषय बनाएका छन्।

जलेश्वर नगरपालिका-८ का तीन पुस्ताहरू जोगिराको जगेर्नामा लागेकै बेला वडा नं ७ का वडाध्यक्ष रामछविला यादवसहित स्थानीय अनिल यादव, शङ्कर कापर, मनोहर झालगायतका व्यक्तिहरू पनि आफ्नो गाउँटोलमा जोगिरालाई संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा लागिपर्नु भएको छ। बूढापाकाहरूबाट नयाँ पिँढीमा जोगिरालाई हस्तान्तरण गराउन विभिन्न कार्यक्रमलाई अगाडि बढाइएको छ। युवाहरूलाई हार्मोनियम, ढोलक, झ्याली र डम्फु बजाउन सिकाउने र जोगिराका भाकाहरूमा पनि लय भर्ने कार्यमा सक्रिय गराइएको यादव बताउनुहुन्छ।

यतिबेला जिल्लाको अन्य पालिकाहरू पनि जोगिरा संरक्षण र संवर्द्धनका विभिन्न कार्यक्रम भइरहेका छन्। तराई मधेसमा रङ र अबिरको पर्व होली पर्व आउन १० दिन बाँकी रहँदा मिथिलाञ्चको प्रत्येक गाउँ/टोलमा होलीको गीत (जोगिरा)ले गुञ्जमान हुने गर्दछ।

'शिव मण्ठपर राम खेलैया होली, शिव मण्ठपर।'

'शिव मण्ठपर राम खेलैया होली, शिव मण्ठपर।'

'शिव मण्ठपर हो, शिव मण्ठपर हो, शिव मण्ठपर।'

'शिव मण्ठपर राम खेलैया होली, शिव मण्ठपर।'

नेपालका तराई/मधेस र भारतको विहार राज्यको अधिकांश जिल्ला समेटिएर बनेको मिथिलाञ्चल क्षेत्रमा साँझ पर्ने बित्तिकै गाउँगाउँमा डम्फु, झ्याली, ढोल, मृदङ्ग बज्न थाल्छन् भने चारैतिर जोगिराको धुनहरू सुनिन्छ।

'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,

'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,

हो, हो भूत परेतक टोली दिगम्बर खेले मसानेमे होली

'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,

'खेले मसानेमे होली दिगम्बर खेले मसानेमे होली,

बजराहीमा मात्रै नभएर अस्तिदेखि मिथिलाञ्चलको प्रत्येक गाउँठाउँमा साँझको ७ बज्नासाथ मनलाई मुग्ध बनाउने जोगिरा सुनिन थाल्छ। होलैयाहरू (जोगिरा गाउनेहरू) एकै स्वरमा लय हालेर सबैले गाएको जोगिरा सुन्दा आ-आफ्ना घरआँगनमा बसिरहेका जो कोही पनि प्रसन्नताका साथ स्वरमा स्वर थप्ने गर्दछन्। होलैयाहरूले हात हातमा ढोल, तासा, मृदङ्ग, डम्फु, झ्यालीलगायतका बाजाहरू लिएर विभिन्न धुन र सङ्गीतको सिर्जना गर्दै सुरु गरेका जोगिरा राति ११/१२ बजेसम्म निरन्तर रूपमा चलिरहन्छ।

विभिन्न प्रकारका मैथिली लोकभाका, गीत, चुटकिला, हाँसो ठट्टा र जिस्काउने तीतामीठा वाक्य र शब्दहरूलाई लयमा ढालेर गाइएको जोगिरा सुन्न र हेर्न गाउँलेहरूको भीड लाग्ने गर्दछ भने जोगिराका क्रममा हुने नाच र गानमा समेत ठूलो सङ्ख्यामा सहभागी हुने गरेको जलेश्वर-८ का होलैया धीरेन्द्र चौधरीले बताउनुभयो।

जलेश्वर नगरपालिका-८ बजराही गाउँका जोगिरा टोली जिल्लामै निकै चर्चित मानिन्छ। यहाँको जोगिरा टोलीमा हिन्दू र मुस्लिम दुवै समुदायको सहभागिता रहेको स्थानीय युवा राजा राइन बताउनुहुन्छ। परापूर्वकालदेखि नै यहाँका मुस्लिमहरू हिन्दूको पर्वमा र हिन्दूहरू मुस्लिमको चाडपर्वमा एकसाथ उभिएर चाडपर्व मनाउँदै आएको स्थानीय नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अगुवा नेता मनोज साह बताउनुहुन्छ।

बजराही गाउँमा जोगिराको थालनी भएलगत्तै वडा नं ७ अनकार गाउँमा पनि जोगिरा गायनको सुरुआत हुने भएको वडाध्यक्ष रामछविला यादवले बताउनुभयो। वडाध्यक्ष रामछविला यादव स्वयं पनि होलैया भएको कारण त्यस वडामा पनि होलीको अवसर पारेर जोगिरा गाउनकै लागि युवाहरू देश परदेशबाट गाउँ फर्किएका छन्। यहाँका युवा, वयस्क तथा वृद्धहरू समेतको छुट्टाछुट्टै टोलीले जोगिरा गाएर पूरै वडालाई नै सङ्गीतमय बनाएका छन्।

स्थानीय शङ्कर कापरका अनुसार यस वडामा मंगलबारदेखि अब कतिबेला साँझ पर्ने र कतिबेला होलैयाहरू आएर जोगिरा सुरु गर्ने प्रतीक्षामा घर घरमा महिला, पुरुष तथा बालबालिका र वृद्धवृद्धा समेत बसिरहेका हुन्छन् भने जोगिरा सुरु हुने बित्तिकै प्रत्येक घर-घरबाट निस्केर सबैजना होलीगीत सुन्नका लागि चोकसम्म पुग्ने गर्दछन्। विभिन्न उमेर समूहका व्यक्तिहरू बसेर जोगिरा गाउने, हाँस्ने, हँसाउने, कथा, कहानी र जीवनका अनुभवहरू साटासाट गर्दै देवीदेवताप्रति भक्तिभाव, ठूलालाई आदर सत्कार र सानालाई स्नेह बाँड्ने काम हुने गरेको वडाध्यक्ष मधुवेन्द्र झाले बताउनुभयो।

'जोगिरा सररर, जोगिरा सररर।'

'जोगिरा सररर, जोगिरा सररर।'

'जोगिरा सररर, जोगिरा सररर।'

'रङ्ग बरसे भिगे चुनरबाली रंग बरसे,

हो रंगबरसे भिगे चुनरवाली रंगबरसे'

'जोगिरा सररर, जोगिरा सररर।'

'मिथिलामे राम खेलैया होली, मिथिलामे।'

मिथिलामे हो, मिथिलामे हो, मिथिलामे।'

'किनका के सोभे पियरी पितम्बर,

'किनका के सोभे पियरी पितम्बर,

किनकाके हाथ अबिर झोली ?

हो, हो, किनकाके हाथ अबिर झोली ? मिथिलामे'

'मिथिलामे राम खेलैया होली, मिथिलामे।'

हो हो 'सीताजीके सोभे पियरी पितम्बर,

'सीताजीके सोभे पियरी पितम्बर,

हो, हो, रामजीके हाथ अबिर झोली। हो मिथिलामे,

मिथिलामे राम खेलैय होली, मिथिलामे।'

'सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया।'

सीया झारु नम्बी केश, राम लैहे सोनेके ककहिया।'

सीया झारु नम्बी केश, सीया हो, हो, हो।

सीया झारु नम्बी केश, सीया हो, हो, हो सीया झारु नम्बी केश।

राम लैहे सोनेके ककहिया।'सीया झारु नम्बी केश।

सदरमुकाम जलेश्वर नगरपालिकाको बजराही, अनकार र पिपराको बनौली गाउँ जस्तै जोगिराको धुनमा बर्सेनी मनरासिस्वा नगरपालिका-९ बथनाहा गाउँ पनि रंगिने गरेको स्थानीय नेपाली काँग्रेसका नेता एवं सामाजिक अगुवा चन्दन दुबेले बताउनुभयो। बथनाहा गाउँमा पनि मंगलबारदेखि कत्ति बेला साँझ पर्ने भन्दै स्थानीय बासिन्दाहरू प्रतीक्षामा रहने र जोगिरा गायन शुरु भएपछि पूरे गाउँ झुम्मिने उहाँले बताउनुभयो।

होली पर्वलाई लक्षित गर्दै मिथिलाञ्चल क्षेत्रमा गाइने जोगिरा गायनले मिथिलाञ्चलको सम्पूर्ण गाउँ ठाउँका वृद्ध, वयस्क तथा युवामा नयाँ उत्साह र उमङ्ग भरेको छ। दुःख बिर्साएर खुसी साटासाट गर्ने महापर्वको होलीलाई आगमनको प्रतीक्षामा महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सर्लाही, रौतहट, बारा र भारतका मधुबनी र दरभङ्गा जिल्लासहित सम्पूर्ण मिथिलाञ्चलमा अस्तिदेखि जोगिरा सुरु भएको छभने यी होलीगीत (जोगिरा) होली पर्वको एकराति पूर्वसम्म टोलटोल र चौकचौकमा चलिरहनेछ।

प्रायः होलि पर्वभन्दा १०/११ दिन पहिले सुरु हुने जोगिरा गाउन सुरु गरिन्छ भने होली पर्वको अघिल्लो रातिसम्म गाइने चलन रहेको जलेश्वर-८ पण्डित बद्रीनारायण झाले बताउनुभयो। होलीगीत केवल मनोरञ्जनको साधन वा गीत नभएर हाम्रो परम्परा एवं हाम्रा पुर्खाको धरोहर रहेको र यस परम्परा तथा धरोहरलाई संरक्षण, संवर्द्धनका साथै यसको जगेर्ना गर्नु हामी सबैको साझा दायित्व रहेको बताउनुहुन्छ संस्कृतिविद् ध्रुव राय।

जोगिरा मिथिलाञ्चलको मात्रै नभएर नेपाल र भारत देशकै धरोहर एवं सम्पत्ति रहेको बताउँदै जलेश्वर नगरपालिका-५ का संस्कृतिविद् ध्रुव राय इतिहास एवं हाम्रा पूर्वजको सम्मान र भविष्य एवं सन्ततिका लागि जोगिराको जगेर्ना गर्नैपर्ने धारणा राख्नुहुन्छ। उहाँले यसका लागि हामी प्रत्येक मिथिलाञ्चलवासी, स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार, जनप्रतिनिधि, सुरक्षा निकाय र धार्मिक, सांस्कृतिक एवं पुरातत्व विभाग पनि उत्तिकै उत्तरदायी तथा जवाफदेही बन्नुपर्नेमा जोड दिनुभयो। जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटै पालिकाका विभिन्न वडा र गाउँटोलमा युवा तथा वयस्कका टोलीहरू जोगिराको जगेर्ना गर्न सक्रिय देखिन्छन्।

# 'व्यवस्था विरोधी आवाज उठ्नुमा सरकारको कार्यशैली जिम्मेवार'

काठमाडौँ, २७ फागुन (रासस) ।

विद्यमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको विरोधमा आवाज उठ्नुका पछाडि यसअघि र हालका सरकारको कमजोर कार्यशैली जिम्मेवार रहेको सांसदहरूको आरोप छ ।

मंगलबार प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै विभिन्न दलका सांसदहरूले वर्तमान सरकारको कार्यशैली, शासन व्यवस्थामा देखापरेका चुनौती र संविधानको रक्षा तथा पुनरावलोकनसम्बन्धी विषयमा आफ्ना धारणा राख्नुभएको थियो । सो क्रममा उहाँहरूले व्यवस्था विरोधी शक्ति सल्बलाउनुमा सरकारको असक्षमता जिम्मेवार रहेको आरोप लगाउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्रप्रसाद पाण्डेले वर्तमान सरकारको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै राजावादी शक्ति मौलाउने अवस्था सिर्जना हुनुमा सरकारको कमजोरी रहेको बताउनुभयो । उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्र कुनै व्यक्ति विशेषको बक्सिस नभई, नेपाली जनताले रगत साटेर प्राप्त गरेको उपलब्धि भएको स्पष्ट पार्नुभयो । उहाँले सुशासनको अभाव, संस्थागत भ्रष्टाचार र प्रशासनिक पक्षपातका कारण जनतामा वर्तमान व्यवस्थाप्रति निराशा बढ्दै गएको उल्लेख गर्नुभयो ।

जनता समाजवादी पार्टीकी सांसद रञ्जुकुमारी झाले नेपाली जनताकै अभिमतबाट वर्तमान संविधान निर्माण भएको उल्लेख गर्दै यसको संरक्षणका लागि सबै लोकतान्त्रिक शक्ति जुट्नुपर्ने धारणा राख्नुभयो । उहाँले विद्यमान प्रणाली आफैँमा दोषी नभएको तर यसलाई सञ्चालन गर्ने व्यक्ति जिम्मेवार नहुँदा प्रश्न उठ्ने बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ध्रुवबहादुर प्रधानले नागरिकले पूर्वराजाको पक्षमा आवाज उठाइरहेको र अहिलेको स्थितिले सरकारको असक्षमता उजागर गरिरहेको बताउनुभयो ।

## जनताका समस्या सम्बोधन गर्न अध्यक्ष दाहालको सरकारलाई सुझाव

काठमाडौँ, २७ फागुन (रासस) ।

प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले जनताका समस्या सम्बोधन गर्न सरकारलाई सुझाव दिनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा विशेष समय लिएर बोल्दै उहाँले मिटरब्याज पीडितले न्याय नपाएका, गुठी पीडित जनताका माग सम्बोधन नभएकामा जनता पीडित भएका बताउनुभयो ।

मुलुकको शान्तिप्रक्रिया गणतन्त्र स्थापनाको प्रस्थान विन्दु थियो भन्दै उहाँले राजतन्त्रको अन्त्यका क्रममा देखाइएको सदाशयतालाई कमजोरी नठान्न सम्बद्ध पक्षलाई सचेत गराउनुभयो । जनताको त्याग र बलिदानबाट प्राप्त व्यवस्थाका विरुद्ध जाने छुट कसैलाई नभएको उल्लेख गर्दै अध्यक्ष दाहालले लोकतन्त्र र राजतन्त्रको तुलना हुनै नसक्ने बताउनुभयो ।

लोकतन्त्रका मूलभूत सिद्धान्त नमानेर असंवैधानिक र अलोकतान्त्रिक बाटो अवलम्बन गरिए क्रान्तिले आफ्नो मार्ग तय गर्ने चेतावनी उहाँले दिनुभयो । उहाँले गणतन्त्रको विकल्प राजतन्त्र हुनै नसक्ने भन्दै लोकतन्त्रभित्रै आफ्नो ठाउँ खोज्न राजावादीलाई आग्रह गर्नुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "राजावादीलाई मेरो आग्रह छ लोकतन्त्रै आफ्नो ठाउँ खोज्नुस् । हामीलाई आपत्ति छैन ।"

## जलेश्वर भन्सारद्वारा दुई अर्ब राजस्व संकलन

जनकपुर, २७ फागुन (रासस) ।

जलेश्वर भन्सार कार्यालय भिठ्ठामोडले चालु आर्थिक वर्षको आठ महिनामा रु दुई अर्ब १५ करोड ५० लाख ७४ हजार राजस्व सङ्कलन गरेको छ ।

चालु आर्थिक वर्ष २०८१/८२ को फागुन महिनाको हालसम्ममा ८३.८९ प्रतिशत राजस्व सङ्कलन भएको जलेश्वर भन्सार कार्यालयका सूचना अधिकारी रामकुमार विकले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा वार्षिक रु चार अर्ब ५३ करोड ६२ लाख ९० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो । तर कार्यालयले सो लक्ष्यको ४७.४१ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ ।

कार्यालयकाबाट प्राप्त विवरणअनुसार चालु आवको साउनमा ९२.१६, भदौमा ८३.८७, असोजमा ८७.५४, कात्तिकमा ७४.०२, मङ्सिरमा ८३.३६, पुसमा ७५.१४, माघमा ७४.७५ र फागुनको हालसम्ममा ८०.४४ प्रतिशत राजस्व सङ्कलन गरेको सूचना अधिकारी विकले बताउनुभयो ।

जलेश्वर भन्सार कार्यालय भिठ्ठामोड नाकाबाट आयात हुने सामग्रीमा कुल राजस्वमध्ये पेट्रोलियम पदार्थको योगदान ४९.१४ प्रतिशत रहेको छ । भारतको विहार राज्यको मोतिहारी र अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन सञ्चालमनमा आएपछि जलेश्वर भिठ्ठामोडबाट आयात गरिने पेट्रोलियम पदार्थमा कमी आउँदा राजस्वको लक्ष्यमा कमी आएको उहाँले बताउनुभयो ।

कार्यालयका अनुसार गत वर्षको तुलनामा चालु आवमा पेट्रोलियम पदार्थ, कोइला, आलु र चुना आयातमा कमी आएको छ । जलेश्वर भन्सार कार्यालयबाट मुख्य आयात हुने सामग्रीमा पेट्रोलियम पदार्थ, कोइला, आलु, चामल, गहुँ, दलहन, तरकारी, फलफूललगायत रहेका सूचना अधिकारी विकले बताउनुभयो ।

## वैदेशिक अध्ययनमा विदेशियो ६४ अर्ब १५ करोड

काठमाडौँ, २७ फागुन (रासस) ।

चालु आर्थिक वर्षको सात महिनामा उच्च शिक्षाका लागि विदेशी मुलुक जानेहरुले ठूलो धनराशी विदेश लगेका छन् । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरण अनुसार शिक्षातर्फको व्यय रु ६४ अर्ब १५ करोड बराबर पुगेको छ ।

सेवा खाताअन्तर्गत भ्रमण व्यय १० दशमलव छ प्रतिशतले वृद्धि भई रु एक खर्ब १५ अर्ब ८८ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु ६४ अर्ब १५ करोड रहेको हो । बैंकका अनुसार अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु एक खर्ब चार अर्ब ७५ करोड रहेकामा शिक्षातर्फको व्यय रु ६६ अर्ब ६४ करोड थियो ।

सो अवधिमा खुद सेवा आय रु ५० अर्ब २२ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु ३६ अर्ब ३८ करोडले घाटामा थियो ।

सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय सात दशमलव सात प्रतिशतले वृद्धि भई रु ४९ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु ४५ अर्ब ६८ करोड रहेको थियो ।

## सांसदहरूको स्वास्थ्य परीक्षण

काठमाडौँ, २७ फागुन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पहलमा सांसदहरूको स्वास्थ्य परीक्षण गरिएको छ । सङ्घीय संसद् परिसरमा सांसदलगायत मर्यादापालक, कर्मचारी, सञ्चारकर्मीको स्वास्थ्य परीक्षण गरिएको हो ।

सरकारले नसर्ने रोगहरूको पहिचानकालागि फागुन महिनालाई एक महिने अभियानको रूपमा सञ्चालन गरिरहेको छ । सोही अभियान अन्तर्गत सांसदहरूको मधुमेह, उच्च रक्तचाप, मुगौलासम्बन्धी रोगका साथै शरीरको उचाइ र तौलको अनुपात परीक्षण गरिएको हो ।

सांसदहरूले उक्त अभियानको प्रशंसा गर्नुभएको छ । स्वास्थ्य परीक्षणमा सहभागी सांसद कल्पना मियाँ कुसारीले स्वस्थ खानपान र नियमित योगाले स्वास्थ्य 'रिपोर्ट' राम्रो आएको बताउनुभयो । उहाँले भन्नुभयो, "म स्वास्थ्यमा सजग छु । सरकारको यो कदम सराहनीय छ । यस्ता परीक्षण अझै दुरदराजका जनतामा लानुपर्छ ।"

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (ईडीसीडी)को नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखाका 'फोकल पर्सन' तथा जनस्वास्थ्य अधिकृत दिपक भट्टले सर्वसाधारणलाई स्वास्थ्य परीक्षणमा प्रेरित गरिने बताउनुभयो । उहाँका अनुसार मंगलबार र बुधबार दुई दिन स्वास्थ्य परीक्षण संसद परिसरमा हुने छ ।


फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

- घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
- फोहरलाई डस्विन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
- सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
- प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं,
- कुहिने, नकुहिने र पुन:प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## विश्व समाचार

### फिलिपिन्सका पूर्वराष्ट्रपति डुटेर्टे लागुऔषध हत्या प्रकरणमा आइसिसीको वारेन्टमा पक्राउ

मनिला, २७ फागुन (रासस/एपी) ।

फिलिपिन्सका पूर्वराष्ट्रपति रोड्रिगो डुटेर्टेलाई मानवता विरुद्धको अपराधको मुद्दामा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी) को आदेशमा मङ्गलबार मनिलाको अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ गरिएको फिलिपिन्स सरकारले जनाएको छ । हङकङबाट आइपुगेपछि डुटेर्टेलाई पक्राउ गरिएको थियो र प्रहरीले आइसिसीको आदेशमा उहाँलाई हिरासतमा लिएको थियो । पूर्वराष्ट्रपतिको अवैध लागुपदार्थ विरुद्धको घातक कारबाहीमा भएको सामूहिक हत्याको अनुसन्धान गरिरहेको राष्ट्रपति फर्डिनान्ड मार्कोसको कार्यालयले विज्ञप्तिमा बताएको छ । "उहाँ आइपुगेपछि महान्यायाधिवक्ताले पूर्वराष्ट्रपतिलाई मानवता विरुद्धको अपराधका लागि गिरफ्तारी वारेन्टका लागि आइसिसीको सूचना तामेल गर्नुभयो", सरकारले भन्यो, "उहाँ अहिले अधिकारीहरूको हिरासतमा हुनुहुन्छ ।"

आकस्मिक गिरफ्तारीले विमानस्थलमा हङ्गामा मचायो । त्यहाँ वकिल र डुटेर्टेका सहयोगीहरूले उहाँलाई प्रहरी हिरासतमा लिएपछि चिकित्सक र वकिलहरूसँगै उहाँलाई नजिक आउनबाट रोकेको भन्दै चर्को स्वरमा विरोध गरे । "यो उहाँको संवैधानिक अधिकारको उल्लङ्घन हो", डुटेर्टेका निकट सहयोगी सेन बोङ गोले पत्रकारहरूलाई भन्नुभयो । डुटेर्टेको गिरफ्तारी र पतनले अवैध लागुऔषधविरुद्ध उहाँको रक्तपातपूर्ण दमनका पीडितहरूका परिवारलाई स्तब्ध पाऱ्यो र रुवायो । "यो न्यायका लागि ठूलो, लामो समयदेखि प्रतीक्षा गरिएको दिन हो", मनिला महानगरमा सन् २०१७ अगस्टमा लागुऔषध विरोधी कारबाहीका क्रममा प्रहरीले मारेका किशोरका काका न्यान्डी डेलोस सान्तोसले भन्नुभयो, "अब हामीले न्याय चलिरहेको महसुस गरेका छौँ । शीर्ष प्रहरी अधिकारीहरू र गैरकानूनी हत्यामा संलग्न सयौँ प्रहरी अधिकारीहरूलाई पनि हिरासतमा लिइनुपर्छ र दण्डित गरिनुपर्छ भन्ने हामीले आशा गरेका छौँ ।"

उहाँका भतिजा कियान डेलोस सान्तोसको हत्या गर्ने तीन प्रहरी अधिकारीलाई सन् २०१८ मा उच्च प्रोफाइल हत्याका लागि दोषी ठहर गरिएको थियो । उच्च प्रोफाइल हत्याका कारण डुटेर्टेलाई त्यस समयमा उहाँको क्रूर लागूऔषध विरोधी कार्यवाही अस्थायी रूपमा निलम्बन गर्न प्रेरित गरेको थियो । फिलिपिन्समा न्याय नपाइने भएकाले आइसिसीको सहयोग लिने निर्णय गरेका शङ्कास्पद न्यायेतर हत्याका पीडितहरूका परिवारका चिन्तालाई प्रतिबिम्बित गर्दै लागुऔषध विरोधी अभियानमा संलग्न कानून प्रवर्तकहरू विरुद्ध यो सजाय अहिलेसम्म कम्तीमा तीनमध्ये यो एक थियो । डुटेर्टेलाई प्रहरीले कहाँ लगेको भन्ने तुरुन्त स्पष्ट भएन । सरकारले ७९ वर्षीय पूर्वराष्ट्रपतिको स्वास्थ्य अवस्था राम्रो रहेको बताएको छ । सन् २०११ नोभेम्बर १ देखि सन् २०१९ मार्च १६ सम्म डुटेर्टे दक्षिणी सहर दावाओका मेयर रहेका बेला आइसिसीले उहाँअन्तर्गत लागूऔषध हत्याहरूको अनुसन्धान सुरु गरेको थियो । डुटेर्टेले सन् २०१९ मा फिलिपिन्सलाई रोम विधानबाट फिर्ता लिनुभयो । यो मानव अधिकार कार्यकर्ताहरूका अनुसार जवाफदेहिताबाट बच्ने उद्देश्यले गरिएको थियो ।

डुटेर्टे प्रशासनले सन् २०२१ को अन्त्यमा विश्वव्यापी अदालतको अनुसन्धानलाई निलम्बन गर्न कदम चालेको थियो र फिलिपिन्सका अधिकारीहरूले पहिले नै उही आरोपहरू हेरिरहेका थिए भन्ने तर्क गर्दै आइसिसी-अन्तिम उपायको अदालत-को क्षेत्राधिकार नभएको तर्क गरेको थियो । आइसिसीका अपिल न्यायाधीशहरूले सन् २०२३ मा अनुसन्धान पुनः सुरु गर्न सकिने फैसला गरे र डुटेर्टे प्रशासनको आपत्तिलाई अस्वीकार गरे । नेदरल्यान्ड्सको हेगमा रहेको आइसिसीले नरसंहार, युद्ध अपराध र मानवता विरुद्धको अपराध लगायतका सबैभन्दा जघन्य अन्तर्राष्ट्रिय अपराधमा संदिग्धहरूलाई मुद्दा चलाउन देशहरू अनिच्छुक वा असमर्थ हुँदा कदम चाल्न सक्छ । सन् २०२२ मा डुटेर्टेको उत्तराधिकारी बनेका र पूर्वराष्ट्रपतिसँगको कटु राजनीतिक विवादमा फसेका राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले विश्वव्यापी अदालतमा पुनः सामेल नहुने निर्णय गर्नुभएको छ । तर मार्कोस प्रशासनले यदि आइसिसीले अन्तर्राष्ट्रिय प्रहरीलाई तथाकथित रेड नोटिसमार्फत डुटेर्टेलाई हिरासतमा लिन आग्रह गऱ्यो भने सहयोग गर्ने बताएको छ । यो विश्वव्यापी कानून प्रवर्तन एजेन्सीहरूलाई अपराध संदिग्ध पत्ता लगाउन र अस्थायी रूपमा पक्राउ गर्न गरिएको अनुरोध हो ।

### विश्वको अधिकांश जनसङ्ख्याले प्रदूषित हावा सास फेर्छ : प्रतिवेदन

बेङ्गलुरु (भारत), २७ फागुन (रासस/एपी) ।

विश्वको अधिकांश भागमा प्रदूषित हावा रहेको र केवल १७ प्रतिशत सहरहरूले विश्वव्यापी वायु प्रदूषण दिशानिर्देशहरू पूरा गरेको मङ्गलबारको एक प्रतिवेदनले पत्ता लगाएको छ । स्विट्जरल्यान्ड स्थित वायु गुणस्तर अनुगमन डाटाबेस आइक्युएयरले एक सय ३८ देशका ४० हजार वायु गुणस्तर अनुगमन स्टेसनबाट प्राप्त डाटा विश्लेषण गरेको थियो र चाड, कङ्गो, बङ्गलादेश, पाकिस्तान र भारतमा सबैभन्दा प्रदूषित हावा रहेको पत्ता लगाएको थियो । भारतमा नौ सबैभन्दा प्रदूषित सहरहरू मध्ये छ वटा छन् । तीमध्ये उत्तरपूर्वी भारतको औद्योगिक सहर बिरनिहाट सबैभन्दा खराब स्थानमा छ । विशेषज्ञहरूका अनुसार वास्तविक वायु प्रदूषणको मात्रा धेरै बढी हुनसक्छ किनकि विश्वका धेरै भागमा अधिक सटीक डाटाका लागि आवश्यक अनुगमन छैन । उदाहरणका लागि अफ्रिकामा प्रत्येक ३७ लाख मानिसका लागि केवल एउटा अनुगमन स्टेसन छ । प्रतिवेदनअनुसार यस समस्याको सामना गर्न थप वायु गुणस्तर अनुगमनकर्ताहरू स्थापित गरिँदैछन् । यस वर्ष प्रतिवेदनका लेखकहरूले वायु प्रदूषणको राम्रो अनुगमन गर्ने प्रयासको परिणामस्वरूप आठ हजार नौ सय ५४ नयाँ स्थान र लगभग एक हजार नयाँ अनुगमनकर्ताबाट प्राप्त डाटा समावेश गर्न सक्षम भए । तर गत हप्ता अमेरिकी विदेश मन्त्रालयले विश्वभरका आफ्ना दूतावास र वाणिज्य दूतावासहरूबाट प्राप्त डाटा सार्वजनिक नगर्ने घोषणा गरेपछि वायु प्रदूषणका लागि डाटा अनुगमनलाई धक्का लागेको छ । मलेसिया स्थित सनवे सेन्टर फर प्लानेटरी हेल्थकी मुख्य वैज्ञानिक तथा वायु प्रदूषण विशेषज्ञ फातिमा अहमदका अनुसार लामो समयसम्म प्रदूषित हावा सास फेर्नाले श्वासप्रश्वाससम्बन्धी रोग, अल्जाइमर्स र क्यान्सर हुन सक्छ ।

# वेवारिसे फेला परेको बाछोको नगरपालिकाले गर्‍यो उपचार

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

राजविराज नगरपालिका वडा नं. ७ स्थित कर्मचारी मिलन केन्द्रको कम्पाउण्डमा बिरामी अवस्थामा सोमबार बिहान फेला परेको एक बाछोको उपचार गरिएको छ ।

राजविराज वडा नं. ७ का वडासदस्य रमानन्द देवका अनुसार सोमबार बिहान एक स्थानीयले फोन गरेर केन्द्रको कम्पाउण्डमा बाछो मरेको भनेर जानकारी गराएका थिए । वडा सदस्य देवसहित नगरपालिकाका केही सरसफाई कर्मचारी त्यहा पुग्दा मरेको भनिएको बाछो बिरामी अवस्थामा जिवितै भेटाएका थिए । उनले नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डा. श्रवण साहलाई उक्त घटना बारे जानकारी गराएको बताए ।

प्रमुख प्रशासकीय अधिकृत डा. साहले बिरामी अवस्थामा रहेको बाछोको उपचारका लागि तत्कालै पशु शाखाका डा. महेन्द्र यादवलाई खबर गरि बाछोको उपचारका लागि पशु चिकित्सक पठाइदिन आग्रह गरे । सो आग्रहपछी पशु शाखाका डा. यादवसहितको टोलीले बाछोको उपचार गरिएको वडासदस्य देवले जानकारी दिए । हाल बाछोलाई उपचार पश्चात् सोही स्थानमा राखिएको छ ।



बेवारिसे फेला परेको बाछोको उपचार गरिदै ।
*तस्बिर : राजविराज दैनिक*

यता वेवारिसे अवस्थामा भेटिएको बिरामी बाछो धनीको खोजकार्य भइरहेको राजविराज नगरपालिकाका सरसफाई शाखाका इन्चार्ज ज्योतिष यादवले बताए । उनका अनुसार नगरपालिकाको सडकमा छाडा रुपमा छोडिने पशु चौपायाप्रति नगरपालिकाले कारवाही गर्ने गरेको बताए ।

केही दिनयता राजविराज नगरपालिकाले छाडा पशुचौपाय नियन्त्रण गरि पशुधनीलाई जरिवाना तिराउने कार्य गरिरहेकोले सोही डरले पनि बाछो धनी सम्पर्कमा आउन नचाहेको हुन सक्ने स्थानीय तरकारी व्यवसायीको भनाई छ ।

# राजविराज हाट गर्न आएकी महिलाको सिक्रि लुटियो

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

हाट बजार तरकारी किन्न आएकी एक महिलाले लगाएकी सुनको सिक्रि लुटिएको छ । सोमबार साँझ राजविराज ७ स्थित हटिया बजार पुगेकी राजविराज ४ निवासी ५० वर्षिया सुश्मादेवी साहको सुनको सिक्रि लुटिएको हो ।

तरकारी किन्दै गरेको अवस्थामा पछाडीबाट ग्राहक बनेर आएका दुई/तीन युवाले विशेष चलाखी गरि कटरको प्रयोग गरि घाटीमा लगाएको अढाई तोलाको सुनको सिक्रि लुटेर लगेको सुश्माले जानकारी दिइन ।

हटियामा अत्याधिक भिड भएको मौका छोपी अचानक आएका चोरले सिक्रि लिएर भाग्दा आफू हल्ला गरेको र जम्मा भएको भिडले पनि चोरलाई समाउन नसकेको उनले दुखेसो पोखिन् । यसबारे प्रहरीलाई समेत जानकारी गराएको सुश्माका श्रीमान नवलले बताएका छन् ।



सिसी क्यामरामा कैद भएको सिक्रि लुटेर भाग्दै गरेको चोरको तस्बिर । *तस्बिर : सौजन्य जिप्रका सप्तरी*

यसैबीच उक्त स्थानमा रहेको सिसि टिभि क्यामरामा भाग्दै गरेको चोरको भुटेज कैद भएको छ । पीडित पक्षको उजुरी तथा सिसि टिभि फुटेजमा देखिएको हुलिया विवरणका आधारमा अपराधीको खोजतलास कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# मन्त्री लेखीको सुरक्षामा खटिएका असईको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, २७ फागुन ।**

मधेश सरकारको गृह, संचार तथा कानुन मन्त्री राजकुमार लेखीको सुरक्षामा खटिरहेका प्रहरी सहायक निरीक्षक (असई) वीरेन्द्रकुमार यादवको मृत्यु भएको छ ।



आइतबार राति ११ बजेको समयमा अचानक पेट र छाती दुखेका यादवको उपचारको क्रममा नोबेल अस्पताल विराटनगरमा मृत्यु भएको मधेश प्रदेश प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक शान्तिराज कोइरालाले जानकारी दिएका छन् ।

उनका अनुसार राति पेट र छाती दुखेपछि स्थानीय अस्पतालमा लगिएको थियो । थप उपचारको लागि नोबेल अस्पताल विराटनगर लगेकोमा उपचारको क्रममा राति १२ बजे मृत्यु भएको कोइरालाले जानकारी दिए ।

सिरहा नगरपालिका २५ सुखचैना स्थायी घर भएका यादवको दरबन्दी मधेश प्रदेश प्रहरी गण जनकपुरधाममा रहेको थियो ।

# स्ववियु सभापतिका लागि मविव क्याम्पस राजविराजमा सात जनाको उम्मेदवारी

**दैनिक समाचारदाता**
**राजविराज, २७ फागुन ।**

आउँदो चैत ५ गते हुने स्ववियु निर्वाचनका लागि मंगलबार मनोनयन दर्ता गर्ने दिन राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखी क्याम्पसको सभापति पदमा सात जनाको उम्मेदवारी परेको छ ।

नेपाली काँग्रेस निकट नेपाल विद्यार्थी संघ र जनता समाजवादी पार्टी नेपाल निकट समाजवादी विद्यार्थी युनियन नेपालका तर्फबाट दुई-दुई जनाले सभापति पदमा उम्मेदवारी दिएका छन् ।

नेपाल विद्यार्थी संघबाट नितिश कुमार यादव र ओम शंकर साह तथा समाजवादी विद्यार्थी युनियन नेपालका तर्फबाट रन्जित कुमार यादव र विनयकुमार यादवले



छुट्टाछुट्टै मनोनय दर्ता गराएको निर्वाचन अधिकृत नन्दकिशोर यादवले जानकारी दिए ।

यसैगरी नेकपा एमाले निकट अनेरास्ववियुबाट मनिषा कुमारी साह, जनमत पार्टी निकट विद्यार्थी जनमत संघबाट त्रिवेणी कुमार यादव र माओवादी केन्द्र निकट अखिल क्रान्तिकारीबाट राकेश कुमार यादवले उम्मेदवारी दर्ता गराएको निर्वाचन अधिकृत यादवले जनाए ।

विभिन्न राजनीतिक दल निकट विद्यार्थी संगठनहरुको छुट्टाछुट्टै प्यानलले उक्त मनोनयन दर्ता गराएका हुन् ।

# पिल्लर ढल्दा घाइते भएका बालकको मृत्यु

**दैनिक समाचारदाता**
**सुनसरी, २७ फागुन ।**

सुनसरीको गढी गाउँपालिका ५ मा घर निर्माणको क्रममा पिल्लर ढल्दा घाइते भएका एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय हारुन साफीका १४ महिनाका छोरा अरमान साफी छन् ।

पिल्लर ढल्दा घाइते भएका बालकको जिल्ला अस्पताल इनरुवामा उपचारका क्रममा मृत्यु भएको सुनसरीका प्रहरी नायब उपरीक्षक युवराज खतिवडाले जानकारी दिएका छन् ।

बालकको शव परीक्षणका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको र घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## छुट्टाछुट्टै दुर्घटनामा...

प्रहरीले जनाएको छ ।

गाडीमा यात्रु नरहेको र सहचालक शम्भुनाथ नगरपालिका वडा नम्बर १ का २५ बर्षीय सुन्दर साह सकुशल रहेको प्रहरीको भनाई छ ।

यस्तै सोमबारै राति राजविराज नगरपालिका ११ झल्ही नहर सडक खण्डमा भएको मोटरसाइकल दुर्घटनामा राजविराज १२ घर भएका २२ बर्षीय घनश्याम यादवको मृत्यु भएको छ । मधेश प्रदेश ०६-००१प२६२८ नम्बरको मोटरसाईल अनियन्त्रित भई पल्टिदा चालक यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार दुर्घटना घाइते भएका उनको टाउकोमा गम्भिर चोट लागेको थियो । उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएको र थपउपचारका लागि विराटनगरस्थित न्यूरो अस्पताल पुर्‍याइएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# ‘पत्रकारिता क्षेत्रको संस्थागत विकासका लागि प्रदेश सरकार प्रतिबद्ध’

महोत्तरी, २७ फागुन (रासस) ।

मधेसका मुख्यमन्त्री सतिशकुमार सिंहले पत्रकार र पत्रकारिता क्षेत्रको विकासमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

बर्दिबासमा मंगलबार सञ्चारिका समूह नेपाल मधेस प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन गर्दै उहाँले प्रदेश सरकारले आफ्ना सीमित साधन स्रोतभित्रबाट पत्रकारिता क्षेत्रको प्रवर्द्धनका लागि प्रयत्न गरिरहेको उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री सिंहले पत्रकारलाई सकारात्मक आँखाले हेर्नुपर्ने बताउनुभयो । “पत्रकार समाजका ऐना हुन्, यिनले पस्कने सत्यतथ्य सूचनाले राज्यका सबै निकायलाई आफ्ना कामबारे समीक्षा गर्ने र सच्चिएर अघि बढ्ने अवसर प्राप्त हुन्छ,” उहाँले भन्नुभयो, “त्यसैले पत्रकारितामा रहेकाहरूलाई सबैपक्षको सहयोग र सद्भाव आवश्यक छ ।” त्यसमा पनि निकै कम सङ्ख्यामा देखिने महिला पत्रकारलाई पेसामा टिकाइ राख्न राज्यका निकाय र सामाजिक सङ्घसंस्थाको सकारात्मक भूमिका हुनपर्ने उहाँको भनाइ थियो ।

स्वास्थ्य, शिक्षा र रोजगारका अन्य अवसरमा महिलाको पहुँच बढाउन प्रदेश सरकार प्रयत्नशील रहेको कार्यक्रममा मुख्यमन्त्री सिंहले बताउनुभयो । पत्रकारले राजनीतिक आग्रहबाट मुक्त भई निष्पक्ष रूपमा पेसागत धर्म निर्वाह गर्नपर्ने उहाँले औँल्याउनुभयो ।

कार्यक्रममा सञ्चारिका समूह मधेस प्रदेशकी अध्यक्ष सुनिता बराल, जिल्ला समन्वय समितिका प्रमुख सुमनकुमार लाल कर्ण, नेपाल पत्रकार महासङ्घका केन्द्रीय लेखा संयोजक केसी लामिछाने, महासङ्घका प्रदेश अध्यक्ष श्याम वञ्जारालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*